# कैलाश राजपत्र

## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः५) मकवानपुर, फाल्गुन २० गते, २०८० साल (संख्याः१२**

# भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

## "योजना अनुगमन, सुपरिवेक्षण तथा फरफारक कार्यविधि, २०८०"

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका योजना तथा कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न गरी स्थानीयवासीलाई प्रभावकारी, गुणस्तरीय र भरपर्दो सेवा सुविधा उपलब्ध गराउन त्यस्ता योजना तथा कार्यक्रमहरुको पारदर्शी, प्रभावकारी एवं कानून सम्मत तवरले कार्यान्वयनमा ल्याउन नियमित अनुगमन तथा सुपरिवेक्षण गरी उपभोक्ता समिति, लाभग्राही समूह एवं संघसंस्थालाई जिम्मेवार र जवाफदेही बनाउन र जाँचपास एवं फरफारक गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कैलाश गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "**योजना अनुगमन, सुपरिवेक्षण तथा फरफारक कार्यविधि**, २०८०" रहेको छ।

ख. यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिकालाई सम्झनु पर्दछ।

ख. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

घ. "समिति" भन्नाले कार्यविधिको दफा ३, ४ र ७ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

ङ. "प्रमुख प्रसासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रसासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च. "उपभोक्ता समिति" भन्नाले वडा वा गाउँपालिकाबाट गठित उपभोक्ता समिति सम्झनु पर्दछ।

छ. "संघसंस्था" भन्नाले गाउँपालिकासँग लागत साझेदारीमा कुनै योजना तथा कार्यक्रम सञ्चालन गर्ने संघसंस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## अनुगमन तथा सुपरिवेक्षण समिति सम्बन्धी व्यवस्था

३. **गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नका लागि देहायका पदाधिकारीहरु रहने गरी गाउँपालिकास्तरीय एक अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरु रहनेछनः

क. गाउँपालिकाको उपाध्यक्ष - संयोजक

ख. कार्यपालिकाबाट तोकिएको दुई जना सदस्य - सदस्य

ग. पूर्वाधार विकास समितिका संयोजक - सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

च. प्राविधिक शाखा प्रमुख - सदस्य

छ. योजना शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक स्वीकृत गाउँपालिका तथा वडा कार्यालय अन्तर्गत रु ५ लाख र सो भन्दा माथि बजेट भएका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नेछ।

(४) उपदफा (३) मा जेसुकै लेखिएको भए तापनि गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले वडास्तरका रु ५ लाख भन्दा कम बजेट भएका योजना तथा कार्यक्रमहरुको समेत अनुगमन गर्न सक्नेछ।

(५) समितिले योजना तथा कार्यक्रमको कार्यान्वयन पूर्व, कार्यान्वयन र सम्पन्न पश्चात लगायतको सबै चरणमा अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ।

(६) समितिले गाउँपालिका भित्र क्षेत्राधिकार बनाई सञ्चालन गरेका संघसंस्थाहरुको योजना तथा कार्यक्रमहरुको समेत कार्यतालिका बनाई अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ।

४. **वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये रु ५ लाख भन्दा कम बजेट भएका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नका लागि प्रत्येक वडामा देहायका पदाधिकारीहरु रहने गरी वडास्तरीय एक अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिनेछ।

क. सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख. वडा अध्यक्षले तोकेको १ जना महिला सदस्य सहित २ जना वडा सदस्य -सदस्य

ग. सम्बन्धित वडा हेर्ने प्राविधिक -सदस्य

घ. वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले योजना तथा कार्यक्रमहरुको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

(३) समितिले योजना तथा कार्यक्रमको कार्यान्वयन पूर्व, कार्यान्वयन र सम्पन्न पश्चातको चरणमा समेत अनुगमन तथा सुपरिवेक्षण गर्न सक्नेछ।

(४) वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति वडास्तरका तोकिएको बजेट सीमा भित्रका योजना तथा कार्यक्रमहरुको अनुगमन गरी पेश गरेको प्रतिवेदन उपर प्रत्यक्ष रुपमा जवाफदेही र जिम्मेवार हुनुपर्नेछ।

५. **निर्देशन तथा कारवाहीका लागि सिफारिस गर्न सक्नेः** (१) गाउँपालिका तथा वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने क्रममा देखिएका त्रुटीहरु सच्याउन, समयमै कार्य सम्पन्न गर्नका लागि निर्देशन दिन सक्नेछ। प्राप्त निर्देशनको पालना गर्नु उपभोक्ता समिति, सहयोगी संस्था वा साझेदारहरुको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना नभएको खण्डमा गाउँपालिकाले कार्यपालिकाबाट निर्णय गरी त्यस्ता उपभोक्ता समिति, संघ संस्थाहरुलाई कालो सूचीमा समेत राख्न सक्नेछ।

परिच्छेद-३

**योजना तथा कार्यक्रम फरफारक सम्बन्धी व्यवस्था**

६. **योजना तथा कार्यक्रम फरफारकको लागि पेश गर्नु पर्नेः** (१) गाउँपालिका तथा वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य सम्पन्न भए पश्चात देहायका कागजात सहित गाउँपालिकाको योजना तथा अनुगमन शाखामा पेश गर्नुपर्नेछ।

क. स्वीकृत लागत अनुमान,

ख. सम्झौता पत्र र सो बमोजिमको कार्यदिश,

ग. उपभोक्ता समितिको निर्णय प्रतिलिपि,

घ. फिल्ड नापी किताव,

ङ. विल भर्पाई,

च. कार्य सम्पन्न अनुगमन प्रतिवेदन,

छ. कार्य सम्पन्न पश्चात समितिको जम्मा आम्दानी र खर्चको विवरण सार्वजनिक गरेको सूचनाको प्रतिलिपि,

ज. पञ्जिका तथा तायदाती विवरण,

झ. योजना तथा कार्यक्रमको सम्पूर्ण प्रगति उल्लेख भएको प्रगति विवरण,

ञ. सार्वजनिक सुनुवाइ वा सार्वजनिक लेखापरीक्षण,

ट. कार्य सम्पन्न भएको स्थलगत फोटोहरु,

ठ. सम्बन्धित उपभोक्ता समितिको चेक बुकको प्रतिलिपि,

ड. सूचनापाटीको फोटोको प्रतिलिपि,

ढ. योजना कितावमा तोकिए बमोजिमका कागजात वा आवश्यक भएमा कार्यालयबाट माग भई आएका अन्य कागजातहरु।

(२) उपभोक्ता समितिले उपदफा (१) बमोजिमका कागजात पेश गरे पश्चात योजना तथा अनुगमन शाखाले पेश हुन आएका कागजात

पूर्ण भए नभएको चेकलिष्ट बनाई चेकजाँच गर्नुपर्नेछ र तत् पश्चात दफा ७ बमोजिम गठित जाँचपास तथा फरफारक समितिमा पेश गर्नुपर्नेछ।

(३) फरफारक समितिबाट निर्णय भए पश्चात योजना तथा कार्यक्रमहरुको भुक्तानीको लागि योजना तथा अनुगमन शाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३) मा जेसुकै लेखिएको भए तापनि फरफारक समितिको बैठक तत्काल बस्न नसकिने देखिएमा फरफारक समितिको बैठकबाट पछि अनुमोदन गर्ने गरी योजना तथा कार्यक्रमहरुको भुक्तानी प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

७. **जाँचपास तथा फरफारक समितिः** (१) गाउँपालिका तथा वडास्तरीय योजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक कार्यलाई प्रभावकारी एवं व्यवस्थित गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक जाँचपास तथा फरफारक समिति रहनेछ।

क. गाउँपालिकाको अध्यक्ष - संयोजक
ख. गाउँपालिकाको उपाध्यक्ष - सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ. कार्यपालिकाले तोकिएको एक जना सदस्य - सदस्य
ङ. आर्थिक प्रसासन शाखा प्रमुख - सदस्य
च. प्राविधिक शाखा प्रमुख - सदस्य
छ. योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य सचिव

(२) जाँचपास तथा फरफारक समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बखत पनि बस्न सक्नेछ।

(३) जाँचपास तथा फरफारक समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(४) कार्य सम्पन्न भएका योजना तथा कार्यक्रम उपर जाँचपास तथा फरफारकका क्रममा शंका लागेमा सो समितिका पदाधिकारीले पुनः त्यस्ता योजना तथा कार्यक्रमहरुको स्थलगत फिल्ड निरीक्षण गरी कार्य सम्पन्नको एकीन गरेर मात्र योजनाको जाँचपास तथा फरफारक गर्न सक्नेछ।

(५) योजना तथा कार्यक्रमहरुको समितिबाट जाँचपास तथा फरफारक गर्ने कार्य सम्पन्न भए पश्चात त्यस्ता योजनाहरुको विवरण

योजना तथा अनुगमन शाखाले संकलन गरी अनुमोदनका लागि कार्यापालिका बैठकमा समेत पेश गर्नुपर्नेछ।

८. **बैठक भत्ता सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुले १ वटा र वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुले कम्तिमा ३ वटा योजना तथा कार्यक्रमको अनुगमन गरे पश्चात सोको प्रतिवेदनको आधारमा प्रति पदाधिकारी रु १ हजारको दरले गाउँपालिकाले नियमानुसार कर कट्टी गरी भत्ता दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम योजना तथा कार्यक्रमको अनुगमन गर्ने क्रममा पदाधिकारीहरुले खाजा, खाना तथा होटल वास बस्नुपर्ने भएको अवस्थामा सो वापत हुने सान्दर्भिक खर्चको विल भर्पाई बमोजिम गाउँपालिकाले भुक्तानी गर्न सक्नेछ।

(३) दफा ७ बमोजिम गठित जाँचपास तथा फरफारक समितिका पदाधिकारीहरुलाई समेत उपदफा (१) मा तोकिए बमोजिमको दरमा गाउँपालिकाले भत्ता उपलब्ध गराउन सक्नेछ।

तर जाँचपास तथा फरफारक समितिमा कम्तिमा ३ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको हुनुपर्नेछ। सो भन्दा कम योजनाहरु बैठकमा पेश हुन आएमा बैठक बसेता पनि गाउँपालिकाले बैठक वापत भत्ता उपलब्ध गराउन सक्ने छैन।

## परिच्छेद-४

## विविध

९. **संशोधन वा हेरफेरः** कार्यपालिकाले विद्यान समितिसँगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

१०. **यसै बमोजिम हुनेः** यस कार्यविधि स्वीकृत भई लागू हुनु भन्दा अघि भएका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण एवं जाँचपास र फरफारक सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम हुनेछ।

११. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०८०/११/२०

आज्ञाले
विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत